# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५९) काठमाडौं, जेठ ४ गते २०६६ साल (संख्या ५

## भाग ५

नेपाल सरकार

### कानून, न्याय तथा संविधान सभा व्यवस्था मन्त्रालयको सूचना

खण्ड ५७, अतिरिक्ताङ्क ५५(ई), मिति २०६४ साल माघ २७ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित यस मन्त्रालयको सूचना बमोजिम संविधान सभा अदालतको गठन गरी सो अदालतको अध्यक्ष र सदस्यमा तोकिनु भएका सर्वोच्च अदालतका माननीय न्यायाधीशहरूको सट्टामा संविधान सभा अदालत ऐन, २०६४ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०६६।१।२१ को निर्णयानुसार संविधान सभाको सदस्यको निर्वाचन सम्बन्धी उजुरीको कारवाही र किनारा गर्न सर्वोच्च अदालतका देहायका माननीय न्यायाधीशहरूलाई सर्वोच्च अदालतको काम समेत हेर्ने गरी सो अदालतको अध्यक्ष र सदस्य तोकिएको छः–

१) माननीय न्यायाधीश श्री दामोदरप्रसाद शर्मा– अध्यक्ष ।
२) माननीय न्यायाधीश ताहिर अली अन्सारी– सदस्य ।
३) माननीय न्यायाधीश श्री प्रेम शर्मा– सदस्य ।

सो अदालतको कार्यालय सर्वोच्च अदालतमा रहने छ ।

आज्ञाले,
माधव पौडेल
सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## नेपाल सरकार
## अर्थ मन्त्रालयको
### सूचना १

नेपाल सरकारले आर्थिक ऐन, २०६५ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी तिल गङ्गा आँखा केन्द्रको लागि The Fred Holows Foundation, USA बाट उपहार स्वरुप प्रदान गरिने GBP २,८६७.७५ (दुई हजार आठ सय सतसट्ठी. सेन्ट पचहत्तर), अमेरिकी डलर ६,८५५.०० (छ हजार आठ सय पचपन्न) AUD ६,०११.२८ (छ हजार एघार, सेन्ट अट्ठाइस) र अमेरिकी डलर १५.४४९.२० (पन्ध्र हजार चार सय उनान्चास, सेण्ट बीस) मूल्य बराबरको स्वास्थ्य सामाग्रीहरू आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना २

नेपाल सरकारले आर्थिक ऐन, २०६५ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी आनन्दवन अस्पताल, ललितपुरको लागि The Leprosy Mission Int. UK बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर १३,५००.०० (तेह्र हजार पाँच सय) मूल्य बराबरको स्वास्थ्य सामाग्रीहरू आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना ३

नेपाल सरकारले आर्थिक ऐन, २०६५ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी ENRD-Nepal नामको संस्थाको लागि Swiss Ray, Switzerland बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर १६,१००.०० (सोह्र हजार एक सय) मूल्य बराबरको ४० थान ल्यापटप र पावर सप्लाई केबुलहरू आयात गर्दा मूल्य अभिबृद्धि कर तथा स्थानीय विकास शुल्क पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ । 110



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ४

नेपाल सरकारले आर्थिक ऐन, २०६५ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी शहीद गङ्गालाल राष्ट्रिय हृदय केन्द्र, बाँसबारी, काठमाडौंको लागि Direct Relief International, USA बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर १,८०५.९३ (एक हजार आठ सय पाँच, सेन्ट त्रियानब्बे) मूल्य बराबरको उपचार सामाग्रीहरू आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ५

नेपाल सरकारले आर्थिक ऐन, २०६५ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी त्रिभुवन विश्वविद्यालय अन्तर्गत भौतिकशास्त्र केन्द्रीय विभागका लागि FOI, स्वीडेनबाट उपहार स्वरुप प्रदान गरिने स्वीडिस क्रोनर १३,०००.०० (तेह्र हजार) मूल्य बराबरको १ (एक) सेट कम्प्यूटर तथा मनिटर आयात गर्दा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ६

नेपाल सरकारले आर्थिक ऐन, २०६५ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्र, काभ्रेपलाञ्चोकले भारतबाट खरीद गर्ने भा.रू. २,०४,३२६।- (दुई लाख चार हजार तीन सय छब्बीस), भा.रू. ४५,८००।- (पैंतालीस हजार आठ सय) तथा यूरो ९,३६४.०० (नौ हजार तीन सय चौंसट्ठी) मूल्य बराबरको अपाङ्गहरूको लागि कृतिम अङ्ग निर्माणमा प्रयोग हुने सामाग्रीहरू आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिबृद्धि कर पूरै छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ७

नेपाल सरकारले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची-१ को समूह ११ को प्रकरण २८ ले दिएको अधिकार प्रयोग गरी नेपाल



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।